महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

मालिका गाउँपालिका

म्याग्दी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

मालिका गाउँपालिका

म्याग्दी



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

मालिका गाउँपालिका

म्याग्दी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र **महालेखापरीक्षक**

पत्र संख्याः २०७९।८०
च.नं. ८२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
मालिका गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
म्याग्दी।

कैफियत सहितको राय

हामीले मालिका गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १४ करोड २३ लाख ९५ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ३९ हजार फर्स्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६ लाख ३५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ११ करोड २३ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु २ करोड ४५ लाख ९९ हजार र पेश्की रू. ४७ लाख ३३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ३ करोड ८७ लाख १५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १८ करोड १० लाख ७० हजार रहेको छ ।गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

मालिका गाउँपालिका, म्याग्दी

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
४३	७५	१४२३९५	०	५	३९	०	४३	१४२३५५	६३५	२४५९९	११२३८८	०	०	१३६९८७	४७३३

१.२ प्रतिक्रियाबाट फस्योंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
क्र सं	प्रारम्भिक प्रतिवेदनको दफा नं	छोटकरी व्यहोरा	रकम
१	५९	दोहोरो परेको भ्रमण भत्ता असुल गर्नुपर्ने	२९५८५
२	६०	दोहोरो भत्ता भुक्तानी असुल गर्नुपर्ने	१००००
			३९५८५

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मालिका गाउँपालिका, म्याग्दी	३८७१५	०	०	३८७१५	०	१४२३५५	१८१०७०

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मालिका गाउँपालिका, म्याग्दी , मालिका गाउँपालिका , म्याग्दी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	हेमराज काफ्ले	२०७८-१२-१४	हाल सम्म कार्यरत
लेखा प्रमुख	Phanindra Prasad Acharya	२०७६-९-१५	२०७८-१२-१८
लेखा प्रमुख	सागर पौडेल	२०७८-१२-२२	हाल सम्म कार्यरत
		बेरुजु रकम	१४२,३५५,२१५.९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६,४९,५०,४७८.१९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२८,३०,२८,५२८.९	**चालु खर्च**	२१,६९,६७,२९१.५९
प्रदेश सरकारबाट अनुदान	१,६६,६९,८५६	**पूँजीगत खर्च**	१६,०९,३८,५०४.५
राजश्व बाँडफाँट	७,४५,५६,०२८.८	**वित्तीय/अन्य व्यवस्था**	४८,८४,६९५.७३
आन्तरिक आय	४२,४९,३३८.०४		
अन्य आय	१,५३,५९,५१०.१९		
कुल आय	३९,३८,६३,२६१.९३	**कुल खर्च**	३८,२७,९०,४९१.८२
बाँकी मौज्दात		७,६०,२३,३२८.३	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षण
उल्लेखित आर्थिक कारोवारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमाNAMS प्रणाली अवलम्बन गरी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा पालिकाका अध्यक्ष लगायत जिम्मेवार शाखा प्रमुखहरु समेतका पदाधिकारीहरूसँग मिति २०७९।५।१४ मा भएको छलफल पश्चात् कायम भएका व्यहोराहरू निम्नानुसार छन्ः</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परीचय
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मालिका गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, 37 सभा सदस्य, 147.17 वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>स्थानीय सञ्चितकोष
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः
<table>
<tr><td colspan="7">प्राप्ति/भुक्तानी</td></tr>
<tr><td>विवरण</td><td>टिप्पणी</td><td>यस वर्ष रु.</td><td></td><td></td><td>गतवर्ष रु.</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४५,३४,५६,५३६.८६	३९,३८,६३,३४१.९३	३९,३८,६३,३४१.९३	४२,०८,१८,१०१.६८	४२,०८,१८,१०१.६८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४४,६९,७०,०००	३७,८५,०३,७५१.७४	३७,८५,०३,७५१.७४	३९,०८,७३,८४८.३४	३९,०८,७३,८४८.३४
११००० कर	११	७,६३,९६,०००	७,२८,८३,१५५.८१	७,२८,८३,१५५.८१	६,३५,५६,१५३.११	६,३५,५६,१५३.११
१३००० अनुदान		३६,११,२४,०००	२९,९६,९८,३८४.९०	२९,९६,९८,३८४.९०	३२,४७,२२,२८५.९६	३२,४७,२२,२८५.९६
संघीय सरकार	१२	३४,११,३९,०००	२८,३०,२८,५२८.९०	२८,३०,२८,५२८.९०	३०,१५,९२,४६३.९६	३०,१५,९२,४६३.९६
प्रदेश सरकार	१२	१,९९,८५,०००	१,६६,६९,८५६	१,६६,६९,८५६	२,३१,२९,८२२	२,३१,२९,८२२
१४००० अन्य राजस्व		९४,५०,०००	५९,२२,२११.०३	५९,२२,२११.०३	२५,९५,४०९.२७	२५,९५,४०९.२७
ख. अन्य प्राप्ति		६४,८६,५३६.८६	१,५३,५९,५९०.१९	१,५३,५९,५९०.१९	२,९९,४४,२५३.३४	२,९९,४४,२५३.३४
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०
कोषहरु		६४,८६,५३६.८६	१,३२,७५,४०९.१९	१,३२,७५,४०९.१९	२,७१,२४,३८८.०२	२,७१,२४,३८८.०२
धरौटी		०	२०,८४,१८१	२०,८४,१८१	२८,१९,८६५.३२	२८,१९,८६५.३२
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०
भुक्तानी (ग+घ)		५१,१२,३३,२५८.७४	३८,२७,९०,४९१.८२	३८,२७,९०,४९१.८२	३७,७२,२२,७६७.४६	३७,७२,२२,७६७.४६
ग. भुक्तानी (सञ्चित कोषबाट)		५०,४७,४६,७२१.८८	३७,७९,०५,७९६.०९	३७,७९,०५,७९६.०९	३६,४०,९९,२००.४६	३६,४०,९९,२००.४६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२१००० पारिश्रमिक / सुविधा	१८	६,५३,९४,०००	४,७७,०६,७५४.६९	४,७७,०६,७५४.६९	२,७६,११,११५.९९	२,७६,११,११५.९९
२२००० मालसामान तथा सेवाको उपयोग	१८	५,१५,४२,०००.८८	३,६८,४०,८०५	३,६८,४०,८०५	१,७९,३०,५०५	१,७९,३०,५०५
२५००० सहायता (Subsidy)	१८	११,८०,०००	१,३३,२५०	१,३३,२५०	०	०
२६००० अनुदान	१८	१३,७७,३२,०००	१२,२८,६७,४८१.९०	१२,२८,६७,४८१.९०	१६,३०,४०,१५४.०३	१६,३०,४०,१५४.०३
२७००० सामाजिक सुरक्षा	१८	१,२४,८४,०००	७०,४३,२००	७०,४३,२००	१०,००,०००	१०,००,०००
२८००० अन्य खर्च	१८	२७,००,०००	२३,७५,८००	२३,७५,८००	१४,१२,२२०	१४,१२,२२०
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२३,३७,१४,७२१	१६,०९,३८,५०४.५०	१६,०९,३८,५०४.५०	१५,३१,०५,२०५.४४	१५,३१,०५,२०५.४४
घ. अन्य भूक्तानी		६४,८६,५३६.८६	४८,८४,६९५.७३	४८,८४,६९५.७३	३७,७२,४७,७६७.४६	३७,७२,४७,७६७.४६
कोषहरु		६४,८६,५३६.८६	२८,७९,०६८	२८,७९,०६८	१,२२,७७,६२९	१,२२,७७,६२९
धरौटी		०	२०,०५,६२७.७३	२०,०५,६२७.७३	८,७०,९३८	८,७०,९३८
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)		(५,७७,७६,७२१.८८)	१,१०,७२,८५०.११	१,१०,७२,८५०.११	४,३५,९५,३३४.२२	४,३५,९५,३३४.२२
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			६,४९,५०,४७८.१९	६,४९,५०,४७८.१९	६,२३,१९,३६५.३६	६,२३,१९,३६५.३६
वर्षान्तको बाकी रकम (ङ + च)		(५,७७,७६,७२१.८८)	७,६०,२३,३२८.३०	७,६०,२३,३२८.३०	१०,५९,१४,६९९.५८	१०,५९,१४,६९९.५८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४</td><td></td><td></td><td>फिर्ता दाखिला
आर्थिक वर्ष २०७८।७९ मा निकासा मध्ये बाँकी रहेका संघीय सशर्त अनुदान तर्फ रु. ३,२०,४६,५५८।१० र प्रदेश सशर्त तर्फको रु. २३३८।समेत कुल रु.३,२०,४८,८९६।10 नेपाल बैङ्क लि. बेनी शाखामा मिति २०७९।३।२८ मा दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बित्तीय बिवरणमा समावेश नभएको कारोवार
गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:
<table>
<tr><th>सि.नं.</th><th>खर्च शीर्षक</th><th>बजेट</th><th>निकासा खर्च</th></tr>
<tr><td>1.</td><td>सामाजिक सुरक्षा तथा सरक्षण</td><td>९६९०२२३०</td><td>९५९५११५९।३३</td></tr>
<tr><td>2.</td><td>गरिब सग विशेष कार्यक्रम</td><td>४६४०००</td><td>४६४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९७३६६२३२</td><td>९६४१५१५९।३३</td></tr>
</table>
उल्लिखित बाहेक संघीय राजस्वतर्फ रु. ७५,८१,२५२।४६ असुली र दाखिला भएको छ । साथै प्रदेश राजस्वतर्फ गत वर्ष रु १४,३६३।विविध खातामा मौज्दात रहेको छ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>वित्तीय विवरण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे को आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

लेखापरीक्षणका क्रममा पेस्की खाता अद्यावधिक रहेको छैन ।
प्राप्त वितीय विवरणको अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु.७६०२३३२८।३० मध्ये सञ्चित कोष खातामा रु.६२०८९६७७।५३ र तीन वटा कोष खातामा रु. १३९३३६५०।७७ मौजदात रहेको छ ।
NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच एकरुपता देखिदैन ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।
• पालिकाबाट लेखा परिक्षणको लागी पेस भएको सञ्चितकोषको बैंक नगदी किताबअनुसार बाँकी रु.6,20,8९,6७७।५३ देखाएकोमा पालिकाले पेस गरेको वित्तीय विवरण म.ले.प. फा.नं. २७२ मा रु.७,६०,२३,३२८।३० देखिन्छ । वित्तीय प्रतिवेदन र बैंक नगदी किताबबीच रु.१,३९,३३,६५०।७७ विभिन्न कोषमा मौज्दात रहेको छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको
स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्रे र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको बित्तीय प्रतिवेदन म ले प फा नं २७२ अनुसार गत वर्षको अन्त्यमा रु.१०,५९,१४,६९९। मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.६,४९,५०,४७८।जिम्मेवारी सारेको देखियो। यसरी बित्तीय प्रतिवेदन म ले प फा नं २७२ मा उल्लेख भएको भन्दा रु.४०९,६४,२२१। घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु</td><td>४०९६४२२१</td></tr>
<tr><td>८</td><td></td><td></td><td>अन्तर हिसाव फरक
यस पालिकाको संचितकोषको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ र पालिका कै स्थानीयतहहरुको एकिकृत वित्तीय विवरण रिपोर्ट १ को समग्र प्राप्ती, खर्च र मौज्दातमा देहाय अनुसार फरक परेको छ। यस्तो फरक रकमले पालिकाको संचितकोषले देखाउने वित्तीय अवस्थामा फरक पर्ने हुदाँ समयमा यस्तो रकम सुनिश्चित गरी हिसाव अधावधिक गर्नुपर्दछ।
<table><tr><th>विवरण</th><th>संचित कोष म.ले.प.फा.नं. २७२ अनुसार</th><th>स्थानीय तहको एकीकृत वित्तीय विवरण रिपोर्ट-१ अनुसार</th><th>फरक रकम</th></tr><tr><td>प्राप्ति</td><td>३९,३८,६३,३४१।९३</td><td>४३,९९,९५,४७३।६२</td><td>४६१३२१३१।६९</td></tr><tr><td>भुक्तानी</td><td>३८,२७,९०,४९१।८२</td><td>३७,७९,०५,७९६।०९</td><td>४८८४६९५।७३</td></tr><tr><td>यो वर्षको वचत/न्यून</td><td>१,१०,७२,८५०।११</td><td>६,२०,८९,६७७।५३</td><td>५१०१६८२७।४२</td></tr></table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायको खाताको रु.५,७३,७५,७०५।५९ फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने देखिएको रु	५७३७५७०५.९
१०			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्: • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	विविध खर्च खाता	०	२८२५२१.५	282521.5
२	धरौटी खाता	३५३७३०९.५८	३५३७३०९.५८	0.0
३	सञ्चित कोष खाता	६२०८९६७७.५३	४४५५४५०.४४	-57634227.1
४	विविध कोष खाता	७७५४१३२.८६	७७३०१३२.८६	-24000.0
५	प्रकोप व्यवस्थापन कोष	२६४२२०८.३३	२६४२२०८.३३	0.0
	जम्मा	७६०२३३२८.३	१८६४७६२२.७१	-57375705.6

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ९ ऐन, १ नियमावली, १३ कार्यविधि र २ निर्देशिका समेत २५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । उक्त कानुनरू २५ वटा नै राजपत्रमा प्रकाशन भएको देखिन्छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाबाट संचालन भएका रु ४०९१७१६७। लागतका २७४ योजनाहरु कार्यान्वयनका लागि गठन गरेका उपभोक्ता समितिहरु संस्था दर्ता ऐन, २०३४ दफा ३ बमोजिम मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकामा कुल दरबन्दी ३३ जना रहेकोमा १६ पदपूर्ति भई १७ रिक्त देखिएको छ। रिक्त पद १७ भएता पनि ६२ जना करारबाट पदपूर्ति भएको देखिन्छ । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन । • मौजुदा सूचीमा दर्ता भएका सेवा प्रदायकबाट मात्र खरिद गर्नुपर्नेमा कतिपय टुक्रा खरिद सूचीमा दर्ता नभएकासँग पनि गर्ने गरेको ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>योजना कार्यान्वयनको कार्यतालिका नबनाएको ।
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७।३ बमोजिम आन्तरीक लेखापरीक्षणहरुले औंल्याएका कैफियतहरु सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गर्ने व्यवस्थाको पालना भएको नदेखिएकोले तदनुसार आन्तरीक लेखापरीक्षणहरुले औंल्याएका कैफियतहरुसमेत कारवाही गरी असुल फस्यौंट हुनुपर्दछ ।
तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>बजेट पेस, पारित र अख्तियारी
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री खरमाया बितालुले २०७८।३।१० गते रु. ४४ करोड ५८ लाख ६१ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>खर्च विश्लेषण</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ स्वीकृत भएको कार्यक्रममा नियम २५ चौमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पुंजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			1 | पुंजीगत | १६०९३८ | ४०१३ | ३००९६ | १२६८२९ | ६११८६ | खर्च प्रतिशत | | २.४९ | १८.७ | ७८.८ | ३८.०१	
१२.२			पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.४२,४९,३३८।०४- राजस्व बाँडफाँड रु७४५५६०२८।८० र अनुदानबाट रु.२९,९६,९८,३८४।९० समेत रु.३७,८५,०३,७५१।७४ आम्दानी भएकोमा चालु तर्फ रु.२१,६९,67,२९१।५९ र पुँजीगत तर्फ रु.१६,०९,३८,५०४।५० समेत रु.३७,७९,०५,७९६।०९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८८,७५,३८३।- खर्च भएको छ जुन आन्तरिक आयको२०८.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.३२ प्रतिशत चालु र ४२.५२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	
१३			**क्षेत्रगत वजेट र खर्च** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत आर्थिक विकास | 36547000 | 23353927 | ६.१८ सामाजिक क्षेत्र | 221565000 | 189659137.9 | ५०.१९ पूर्वाधार विकास क्षेत्र | 91517000 | 56870139 | १५.०५ संस्थागत विकास र सेवा प्रवाह — अन्तरसम्बन्धित क्षेत्र | 19358000 | 17603498 | ४.६६ कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 135759721 | 90419094 | २३.९३ जम्मा | 504746721.9 | 377905796.1 | १००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**साना र संशोधित कार्यक्रम** **(१) कार्यक्रम परिवर्तन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिसमा गाउँकार्यपालिकाले निर्णय अनुसार गाउँसभाबाट अनुमोदन तथा कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो ।	

सि.नं.	मौजुदा कार्यक्रम	रकम (हजारमा)	परिवर्तित कार्यक्रम	रकम (हजारमा)
१	विभिन्न १९ योजना (चालु र पुँजीगत)	१२८३२	विभिन्न ९४ योजना (चालु र पुँजीगत)	५४०३४

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

क्र सं	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमका योजना	१३०	१४०००००
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	१०३	26300000
३	रु ५ लाख एक देखि १० लाख सम्मका योजना	12	7603000
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	15	30754000
५	५० लाख भन्दा माथिका योजनाहरु	१४	७०००००००
	जम्मा	२७४	१३६०५७०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**शुन्य प्रगती** गाउँ सभाद्धारा 2078।79 को लागि स्वीकृत योजनाहरुमध्ये रु १ करोड ४९ लाख ७८ हजारका २९ योजनाको प्रगति शुन्य रहेको छ । सोमा प्रदेश र संघ तर्फको सशर्त अनुदानका रु.८६ लाख का १२ योजना र आन्तरीक श्रोत तर्फ रु ६३ लाख ७८ हजारका १७ योजना संचालन भएको पाइएन । यसरी स्वीकृत योजना कार्यान्वयन नहुँदा कृषी, पशु, खानेपानी, विद्युत, मोटरबाटो, बस्ती संरक्षण र खेल मैदान निर्माण तथा संरक्षण कार्य हुन सकेको देखिएन । अतः योजना छनौट गर्दा कार्यान्यिवन गर्न सकिने योजना मात्र छनौट गरी कार्यान्वयन गरिनु पर्दछ ।	
१६			**प्रगति विवरण नभएको** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित १५८ योजनाहरू समेत कुल २७४ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।	
१७			**जिन्सी व्यवस्थापन** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २077 को नियम ९५ मा कार्यालय प्रमुखले कार्यालयमा रहेका र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट जिन्सी निरीक्षण नभएको, अधिकांश माग फारममा आदेश दिने अधिकारीको आदेश तथा दस्तखत समेत नभएकोले जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । यस्तै जिन्सी खातामा चालु आर्थिक वर्षमा 148 वटा मल्टीप्लग रु.865 का दरले खरिद गरेकोमा माग फारम अनुसार मल्टिप्लग मध्ये 42 थान सम्म मात्र बुझिलिएको देखिएको र बाँकी 106 थानको भरपाई नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.	९१,६९०
१८			**नन्फाइलरलाई भुक्तानी-**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मुल्य अभिवृद्धि कर ऐन,2052 को दफा 14(1) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाइ कर बिजक दिनुपर्ने व्यवस्था छ ।उक्त कर विजकबाट Taxable VAT Sales को अशं खरिदमा तिरेको मु.अ.कर घटाइ 25 दिनभित्र सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।तोकिएको समयमा आपुर्तिकर्ताले मुल्य अभिवृद्धि कर दाखिला गर्नुपर्नेमा निर्माण व्यवसायीको IRD Portal मा PAN Search गर्दा सेवाप्रदायक देहायका सस्थाहरु २०७८ पुषदेखि नन्फाइलर देखिएको छ ।नन्फाइलरलाई भुक्तानी भएको मुल्य अभिवृद्धि कर दाखिला नहुने स्थिति रहेको देखिंदा निम्नलिखित निर्माण व्यवसायीबाट रु. १,१४,०७५ को मु.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने रु.	१११४,०७५

भौ.नं. मिति	आपुर्तिकर्ता	PAN Number	विजक नं.	भ्याट सहितको रकम	भ्याट रकम
३०३/२०७९।०२।१९	Smart Traders Pvt. Ltd.	६०९७४७२१८	०८/२०७८।१२।०८	४९७२००	५७२००
३०२/२०७९।०२।१९	Smart Teck Nepal Pvt. Ltd	६०३५१८५०४	०३८/२०७८।१२।०८	४९४३७५	५६८७५
जम्मा				९९१५७५	१,१४,०७५।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**राजस्व सदरस्याहा-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा धरौटी रकम राजस्वमा आम्दानी बाँध्ने कार्यविधि तोकिएको छ। जुन प्रयोजनको लागि धरौटी राखेको हो, सो काम सम्वन्धि कारवाही अन्तिम रुपमा सम्पन्न भएको मितिले धरौटी फिर्ता लिन नआएको खण्डमा यसलाई सदरस्याहा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रयोजन समाप्त भएको नभएको छुट्याएको छैन साथै कार्यालयको धरौटी खातामा असारसम्म रु. ३५३७३०९।५८ बाँकी रहेको देखिन्छ। यसरी कार्यालयले आवश्यक कानूनी प्रकृया पुऱ्याई धरौटी फिर्ता गर्नु नपर्ने रकमलाई सदरस्याहा गरी राजस्व दाखिला गर्न कार्यालयले ध्यान दिनु पर्दछ।	
२०			**कर तथा शुल्क असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सि.नं.	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मको आम्दानी	असुली प्रतिशत
१	भुमिकर/मालपोत	२,५०,०००	५,१३,८७७	२०५.५५
२	घरवहाल कर	३,५०,०००	३,९५,४१३.०१	११२.९८
३	अन्य बिक्रीबाट प्राप्त रकम	३,००,०००	२,४८,०००	८२.६७
४	परीक्षा शुल्क	२०,०००	४४,८००	२२४
५	सिफारिश दस्तुर	६,००,०००	६,७९,६६६	११३.२८
६	व्यक्तिगत घटना दर्ता दस्तुर	२,५०,०००	२,९१,७१५	११६.६९
७	नाता प्रमाणित दस्तुर	२,००,०००	५३,०५०	२६.५३
८	अन्य दस्तुर	५०,००,०००	०	०
९	प्रशासनिक दण्ड, जरिवाना र जफत	६,००,०००	३,३९,१५४	५६.५३
१०	अन्य राजस्व	९,८०,०००	१०,३६,०१३.०३	१०५.७२
११	व्यवसाय कर	५,००,०००	६,४७,६५०	१२९.५३
१२	बैंक मौज्दात	६,१४,९१,७२१.८८	०	०
जम्मा		७,०५,४१,७२१.८८	४२,४९,३३८.०४	

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क प्राप्त गरेको देखियो । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**रकम ढिला दाखिला**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गाउँपालिकाले नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक दाखिला गर्नु पर्दछ । स्थानीय तह अन्तर्गतका वडाहरूले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । **रसिद नियन्त्रण खाता** आम्दानी खर्च पुष्टि हुने गरी प्रमाण राख्नुपर्दछ । कार्यालयले यो वर्ष आन्तरिक आम्दानी रु. ४२,४९,३३८ गरेको विवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र ७ वटा वडा कार्यालयहरूले गत वर्षको मौजदात रसिद गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिद र बाकी रहेका रसिदहरूको रसिद नियन्त्रण खातामा अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०५, १०६, १०७, १०८ लगायत निम्नानुसारका अभिलेखहरू व्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरूबाट भएको आम्दानी यकिन गर्न सकिएन ।	
२२			**वहाल करः** **<u>241/079/03/22</u> :-** आयकर ऐन, 2058 को अनुसार सवारी साधनमा ढुवानी गरे वापत 10 प्रतिशत वहाल कर कट्टी गर्ने व्यवस्था छ ।पालिकाले बेनीबाट टिमुर ढुवानी गरे वापत 10 प्रतिशत वहाल कर कट्टी गरेको भौचर संलग्न नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	१३००
२३			**धरौटी खाता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि क कस्को नाममा धरौटी रकम के बापत राखेको हो यकीन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।	
२४			**धरौटी फिर्ता-** अर्थ मन्त्रालयको च.नं. ३६९ मिति २०६९।०६।१७ मुल्य अभिवृद्धि कर संकलन व्यवस्था सम्वन्धमा मुल्य अभिवृद्धि कर भुक्तानीको मासिक विवरण आन्तरिक राजस्व विभाग अन्तरगत ठुला करदाता कार्यालय र सम्वन्धित आन्तरिक राजस्व कार्यालयहरुमा पठाउन र अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व त्यसरी भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धित निर्माण व्यवसायी	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्वन्धित राजस्व कार्यालयबाट एकीन गरी भुक्तानी दिने पत्र जारी गरे पछि मात्र भुक्तानी गर्ने भनी आन्तरिक राजस्व विभागको प.सं.0६९।७० च.नं.१२ मिति २०६६।०६।१० को पत्रमा उल्लेख छ।। गाउँपालिकाले निम्न रु. १०९५९३४। धरौटी फिर्ता गर्दा कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर समायोजन पत्र संलग्न गरेको नपाइएकोले उक्त प्रमाण पेश हुनुपर्ने
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने</th><th>रकम</th><th>गो. भौ. नं.</th></tr>
<tr><td>1.</td><td>मालिका हार्डवेयर</td><td>३६०००।००</td><td>०४/२०७८।०७।०५</td></tr>
<tr><td>2.</td><td>ॐ श्री कृष्ण हार्डवेयर</td><td>३६०००।००</td><td>०५/२०७८।०७।०५</td></tr>
<tr><td>3.</td><td>श्री ढोरपाटन कन्स्ट्रक्सन</td><td>१९३४२२।९९</td><td>०८/२०७८।०८।२३</td></tr>
<tr><td>4.</td><td>के.एन.के. सर्जिकल एण्ड मेडिकल हाउस</td><td>२२७०००।००</td><td>१०/२०७८।०९।२५</td></tr>
<tr><td>5.</td><td>डोल्पो कन्सट्रक्सन प्रा.लि.</td><td>४०४०७१।७४</td><td>१५/२०७८।१२।२४</td></tr>
<tr><td>6.</td><td>सोमरस निर्माण सेवा</td><td>१९९४३९।००</td><td>१६/२०७८।१२।२५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१०९५९३४।</td><td></td></tr>
</table></td><td>१०९५९३४</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सेवा प्रवाह</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>न्याय सम्पादन - स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 46 देखि 53 सम्म अधिकारक्षेत्र तथा न्याय सम्पादनको प्रकृयाको व्यवस्था गरेको छ । समितिमा परेका उजुरीमध्ये मेलमिलाप प्रकृतिको आधारमा दर्ता भएको 3 महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । यस वर्ष कार्यालयमा 4 वटा घरायसी विवाद तथा श्रीमान/श्रीमतीबीचको झै-झगडा सम्बन्धी उजुरी दर्ता भई 4 वटै फछ्र्यौट भएको र 1 वटा जग्गा सम्बन्धी उजुरी दर्ता भएको तर पछि उजुरीकर्ताले फिर्ता लिएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>सेवा प्रवाहः-
लेखापरीक्षणको लागि प्राप्त विवरण अनुसार गत वर्ष ४ सेबाग्राही को नक्सा पास भएकोमा यस वर्ष नक्सा पास सेवा शुन्य रहेको छ ।आ.ब 2078/079 मा निम्न बमोजिमका सेवा प्रवाह भएको देखिन्छ</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क्र.स	विवरण	गत वर्ष	यस वर्ष
1	जन्मदर्ता	८३१	895
२	विवाहदर्ता	०	282
३	बसाईसराई दर्ता	४७	64
४	सम्बन्ध विच्छेद	०	21
५	मृत्युदर्ता	१५९	238
६	नागरिकता सिफारिस	४८२	716
७	अन्य निवेदन सिफारिस	३८२६	3923
८	घरबाटो सिफारिस	११६	117
९	नाता प्रमाणित	२४५	334
१०	नक्सा पास	४	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**आर्थिक सहायता तथा विविध**	
२६.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार प्रयोजनको लागि यो वर्ष १०५ व्यक्तिलाई रु. १९१९०००।- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
२६.२			सार्वजनिक खर्चलाइ मितब्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को दफा ६ को उपदफा २ मा सरकारी खर्चमा शुभकामना, कार्ड तथा शुभकामना सन्देश प्रकाशन वा छपाई प्रसारण गर्न पाइने छैन भनी उल्लेख गरिएको छ तर यस गाउँपालिकाबाट पत्रपत्रिका, छपाई तथा सुचना प्रकासन खर्च बापत रु.८००० बि एस आर मास मिडियालाई भुक्तानी भएकोनियमसम्मत नदेखिएको रु.	८०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा व्ययको बजेट अनुमान तर्जुमा गर्दा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध खर्च तर्फ मात्र रु. ५१५०००।- खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>बोलपत्रको स्वीकृति
सार्वनिक खरिद नियमावली, २०६४ को नियम ६७मा रु. ३ करोड सम्मका वोलपत्र राजपत्रांकित तृतीय श्रेणीको कार्यालय प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष सडक तथा संरचना निर्माण तथा स्तरोन्नतीका निम्न वोलपत्र उक्त नियम अनुसारको कार्यालय प्रमुखबाट स्वीकृत नगरी मूल्यांकन समितिबाट स्वीकृत गरेको नियम सम्मत देखिएन।
<table>
<tr><td>ठे.नं.</td><td>निर्माण व्यवसायी</td><td>कवोल अंक</td></tr>
<tr><td>४।२०७७।७८</td><td>हिमालयन विल्डर्स एण्ड सप्लायर्स</td><td>५६९२३४६</td></tr>
<tr><td>१।२०७८।७९</td><td>कार्यशक्ति कन्स्ट्रक्शन एण्ड ई.</td><td>६४८४९९७</td></tr>
<tr><td>२।२०७८।७९</td><td>दिव्य ज्योति माना जे.भी.</td><td>१५९०५४३०</td></tr>
<tr><td>३।२०७८।७९</td><td>जिके आइएस एसि जे.भी.</td><td>२००८३१५९</td></tr>
<tr><td>५।२०७८।७९</td><td>श्रमजिवी निर्माण सेवा</td><td>९२६२६६२</td></tr>
<tr><td>७।२०७८।७९</td><td>दानु कन्स्ट्रक्शन</td><td>१०१०६३०१</td></tr>
<tr><td>६।२०७८।७९</td><td>श्रमजिवी निर्माण सेवा</td><td>३२३९८९०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७०७७४७८५।</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>नर्म्स तथा चेनेजको प्रयोग
(१) नर्म्सको प्रयोग- सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ। यस पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्न दर विश्लेषण गर्दा प्रयोग गर्ने नर्म्सको आधार स्थानीय पूर्वाधार विभाग (DOLI) लाई दिएको छ। पालिकाले अधिकांश निर्माण मेशीन तथा उपकरण प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको अवस्थामा सडक</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निर्माण तथा सुधारको लागत अनुमान सडक विभाग (DOR) बाट तयार भएको नर्म्स प्रयोग गर्नु पर्नेमा श्रममूलक DOLI को नर्म्स प्रयोग गरेको देखिन्छ। निर्माण कार्यको लागत अनुमान तयार गर्दा श्रोत साधनको मित्तव्ययी हुनेगरी नर्म्सको प्रयोग गरी दरविश्लेषण गरिनु पर्दछ।
(२) चेनेजको प्रयोग- सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा र भुक्तानीका लागि नापि गर्दा सडकको चेनेज खुलाउनु पर्दछ। यसबाट काममा दोहोरोपना नहुने नापि कितावमा वास्तविक कामको नापि भएको परिमाण मात्र अभिलेख हुने अवस्थामा पालिकाले निम्न ३ सडक निर्माण सुधार कार्यको लागत अनुमान तयार गर्दा र भुक्तानीको लागि नापी गर्दा सडकको चेनेज नम्वर खुलाएको छैन। यसबाट नापी गरिएको परिमाण चेनेजमा आधारीत नहुँदा नापी गरिएको परिमाण सुनिश्चित हुने आधार रहेन।
<table>
<tr><th>सि.नं.</th><th>निर्माण कार्य</th><th>लागत अनुमान</th><th>संझौता रकम</th><th>हालसम्मको भुक्तानी रकम</th></tr>
<tr><td>1.</td><td>खारा विमा सडकको स्तरोन्नति</td><td>२१३३३१४७</td><td>१२९६०७०२</td><td>११७२८८८९</td></tr>
<tr><td>2.</td><td>मालिका-७ र विमा मालिका सडकको स्तरोन्नति</td><td>२६४०००००</td><td>१५९०५४३०</td><td>३७४४८६२</td></tr>
<tr><td>3.</td><td>मालिका-१ र वराहलेक-ताराखोला सडक स्तरोन्नति</td><td>३३२०००००</td><td>२००८३१५९</td><td>९६६५९२४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८०९३३१४७।</td><td>४८९४९२९१।</td><td>२५१३९६७५।</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>कार्य सम्पादन जमानत
कार्य सम्पादन जमानत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २०६४ को नियम ११० मा वोलपत्रदाताले कार्य सम्पादन जमानत पेश गर्दा वोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको ढाँचामा ऐनको दफा २७ को उपदफा ३ वमोजिमको म्यादभित्र वाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था रहेकोमा निम्न निर्माण कार्यको निर्माण व्यवसायीहरुबाट संझौताका लागि कार्यसम्पादन जमानत पेश गर्दा सिद्धार्थ बैंक लि. को तोकेको ढाँचा भन्दा फरक ढाँचामा र स्पस्ट कार्य सम्पादन जमानत उल्लेख नभएको वैंक जमानत पेश भएकोले तोकिएको ढाँचामा रु. २९८००००।कार्यसम्पादन जमानत पेश हुनुपर्ने रु......
<table>
<tr><th>ठे.नं.</th><th>कार्य विवरण</th><th>संझौता रकम</th><th>कार्यसम्पादन जमानत रकम</th></tr>
<tr><td>७।२०७८।७९</td><td>दरवाङ्ग वजारमा सडक ढलान</td><td>१०१०६३०१।</td><td>२७०००००</td></tr>
<tr><td>१।२०७८।७९</td><td>स्टील पार्टस खरिद</td><td>४९३४८२५।</td><td>२८००००</td></tr>
</table></td><td>२९८००००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>२९८००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
अनुमानित नापी
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिकि नापजाँच गर्दा नापी किताव (मेजरमेन्ट बुक)मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा कारारकको शर्त अनुसार रनिङ्ग विल वा अन्य कुनै विल भूक्तानी गर्न सक्ने व्यवस्था छ। निम्न पालिकाहरुले निर्माण कार्यको रनिङ्ग विजक भूक्तानी गर्दा अनुमानित नापी (Estimate MB) को आधारमा मात्र १,९०,९१,३६९। भूक्तानी भएकोले निर्माण कार्यको वास्तविक नापीको आधारमा भुक्तानी भएको आधार नदेखिएकोले सो भुक्तानी नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>ठे.नं.</th><th>निर्माण कार्य/ निर्माण व्यवसायी</th><th>विजक</th><th>कैफियत</th><th>भूक्तानी रकम</th></tr>
<tr><td>५/२०७८।७९</td><td>रुम स्वास्थ्य चौकी भवन निर्माण
(श्रमजिवी निर्माण सेवा)</td><td>दोस्रो रनिङ्ग विलसम्म</td><td>Estimate Type-2</td><td>६२३६९६४।</td></tr>
<tr><td>७/२०७८।७९</td><td>दरवाङ्ग वजारमा सडक ढलान र नाली निर्माण (दानु कन्स्ट्रक्शन)</td><td>प्रथम</td><td>Estimate MB</td><td>३२२४२९८।</td></tr>
<tr><td>३/२०७७।७८</td><td>खारा विमा सडक
(राधाकृष्ण एकत्रदर्श क.प्रा.लि.)</td><td>तेस्रो</td><td>Detail estimated Formate</td><td>१८२०२५०।</td></tr>
<tr><td>१/२०७८।७९</td><td>दरवाङ्ग वजार संरक्षण कार्य (कार्यशक्ति कन्स्ट्रक्शन एण्ड इन्जिनीयरिङ्ग)</td><td>दोस्रो</td><td>Detail estimated Formate</td><td>६४८४९७२।</td></tr>
<tr><td>२/२०७७।७८</td><td>वडा नं. ३ को भवन निर्माण</td><td>दोस्रो(अंतिम)</td><td>Quantity Estimate(Civil)</td><td>१३२४८८५।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१,९०,९१,३६९।</td></tr>
</table>
</td><td>१९०९१३६९</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
वीमा
वीमा सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>बीमाङ्क- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु. २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यको जोखिम वापत प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम समेटीने गरी वीमा गराउनुपर्ने व्यवस्था छ।दरवाङ्ग वजार संरक्षण कार्य (ठे.नं.४/२०७७।७८) को लागि वीमा वापत हिमालयन विल्डर्स एण्ड सप्लायर्स रु. ४००००। भुक्तानी भैसकेको अवस्था समेत तद्नुसार निर्माण कार्यको वीमा नभएकोले सो भूक्तानी रकम असूल गर्नुपर्ने रु.</td><td>४००००</td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>
१) वीमा नभएको- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (क) मा रु २० लाख भन्दा वढीको निर्माण कार्यको जोखिम विरुद्ध वीमा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उप नियम २ को असाधारण परिस्थितिमा वाहेक अन्य जुनसुकै कारणबाट हुने सवै हानी नोक्सानी विरुद्ध निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्षका निम्न निर्माण कार्यको वीमा गरेको छैन । निर्माण कार्यको कुनै पनि जोखिम विरुद्ध वीमा गरिनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायी</th><th>संझौता रकम</th><th>वीमा रकम</th></tr>
<tr><td>1.</td><td>वडा नं.३ को भवन निर्माण</td><td>एस.के. कन्स्ट्रक्सन प्रा.लि.</td><td>४६,५८,८५२</td><td>५३५७६८०</td></tr>
<tr><td>2.</td><td>ढल निर्माण कार्य</td><td>हिमालयन विल्डर्स एण्ड सप्लायर्स प्रा.लि.</td><td>२६,५२,३०३</td><td>३०५०१४८</td></tr>
<tr><td>3.</td><td>स्वास्थ्य चौकी भवन निर्माण</td><td>श्रमजिवी निर्माण सेवा</td><td>९२,६२,६६२</td><td>१०६५२०६१</td></tr>
<tr><td>4.</td><td>दरवाङ्ग वजार संरक्षण कार्य</td><td>कार्य शक्ति कन्स्ट्रकशन एण्ड इन्जिनीयरिङ्ग</td><td>६४८४९९७</td><td>७४५७७४७</td></tr>
</table>
२) वीमा अवधी- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मिति सम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सवै हानी नोक्सानी विरुद्ध वीमा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्न निर्माण कार्यको तदनुसार अवधि समेटीने गरी वीमा गरेको छैन । उक्त व्यवस्था अनुसार निर्माण कार्यको वीमा अवधि कायम गरिनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>निर्माण कार्य</th><th>संझौता रकम</th><th>सम्पन्न हुने मिति</th><th>कायम वीमा मिति</th></tr>
<tr><td>१</td><td>वीमा मालिका रोड</td><td>१५९०५४३०।६७</td><td>२०८०।०३।३०</td><td>२०७९।०३।०२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>दरवाङ्ग बगरमा ढलान कार्य</td><td>१०१०६३०१।६४</td><td>२०८०।०३।३०</td><td>२०७९।०२।१०</td></tr>
<tr><td>३</td><td>खारा वीमा रोड</td><td>१२९६०७०२।</td><td>२०७८।०९।३०</td><td>२०७९।०७।२२</td></tr>
</table>
३) कार्य सम्पादन जमानत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा १ महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यालयले ३६५ दिन त्रुटी सच्याउने दायित्वको अवधि रहेको निम्न निर्माण कार्यको कार्य सम्पादन जमानतको अवधि तद्अनुसार समेटीने गरी नभएकोले नियमावलीको उक्त व्यवस्था अनुसार निर्माण कार्यको कार्य सम्पादन जमानतको अवधि कायम गर्नु पर्दछ ।
<table>
<tr><td>सि.नं.</td><td>निर्माण व्यवसायी</td><td>काम सप्पन्न भएका वा हुने दिन</td><td>जमानतको कायम अवधि</td><td>वैंक जमानत रकम</td></tr>
<tr><td>१</td><td>दिव्य ज्योती नाना जे.भी.</td><td>२०८०।०३।३०</td><td>२०८०।०४।०४</td><td>५४०००००</td></tr>
<tr><td>२</td><td>श्रमजिवी निर्माण सेवा</td><td>२०८०।०३।३०</td><td>२०८०।०२।१९</td><td>१५०००००</td></tr>
<tr><td>३</td><td>दानु कन्स्ट्रक्शन</td><td>२०८०।०३।३०</td><td>२०८०।०३।१५</td><td>२७०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
भेरिएशन
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति संझौता कार्यान्वयनका क्रममा सृजना भएमा सोको स्पस्ट कारण सहित नियमावलीको नियम ११८ वमोजिम भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। पालिकाले दरवाङ्ग वजार संरक्षण कार्यको स्वीकृत लागत अनुमानको १.५ प्रतिशत वृद्धि हुनेगरी र संझौता रकममा वृद्धि नहुने गरी निम्नानुसार भेरिएशन आदेश जारी गरेको छ। यसरी भेरिएशन आदेश जारी गर्दा माटो खन्ने र पुर्ने काम वढेको, ढलान र छड दण्डीको काम घटेको देखिन्छ। यसरी भेरिएशन गर्दा पूर्वानुमान गर्न नसकिने अवस्था रहेको देखिएन। संरचना निर्माणको आधारभूत कार्य घटाई माटो खन्ने पुर्ने काम बढेको उपयुक्त देखिएन।
<table>
<tr><td>कार्य</td><td>बढेको परिमाण</td><td>रकम</td><td>प्रतिशत</td></tr>
<tr><td>माटो खन्ने कार्य</td><td>१८४५ घ.मि.</td><td>१६६०५०।</td><td>३०.५१%</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>माटो पूर्ने कार्य</td><td>१३६.८५ घ.मि.</td><td>१३६८५।</td><td>२४.०६%</td></tr>
<tr><td>आर.सि.सि. M20(१:१:५:३) कार्य</td><td>२५३.१६ घ.मि.</td><td>१२३५५२।</td><td>४.३२%</td></tr>
<tr><td>छड दण्डीको कार्य</td><td>(१५१३) के.जी.</td><td>१४५२५२।</td><td>७.४१%</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
स्टील पार्ट्स
ठे.नं. १/२०७८।७९ पालिकाले निम्न स्थानमा झोलुङ्गे पुल निर्माण तथा जडान गर्न रु. ५६,४७,६३२।७८ लागत अनुमान स्वीकृत गरी रु. ५५,७६,३५२।२५ मा वोलपत्र माध्यमबाट घटी कवोल गर्ने जलप नेपाल प्रा.लि.सँग २०७९।०२।१९ मा संझौता गरी स्टील पार्टस प्राप्त गरी उपभोक्ता समितीहरुलाई हस्तान्तरण गरेको छ। ती पार्ट्स मध्ये पथेनी घाट खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिले सामान बुझेको माग फारममा छाप मात्र लगाएको मा सामान बुझ्ने जिम्मेवार व्यक्तिको दस्तखत गरेको छैन। साथै, ती स्टील पार्ट्स उपभोक्ता समितिले सामान बुझेता पनि TBSU ले पोल उपलब्ध नगराएकोले पुल जडान तथा निर्माण कार्य हुन सकेको छैन। उक्त सामान जडान भएको नापी किताव लगायत जडान सम्पन्न भएको प्रमाण पेश गर्नु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>झोलुङ्गे पुल</th><th>लम्वाई (मिटर)</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>देउता भीर पटक खोला</td><td>१००</td><td>१३२०८२७।५६</td></tr>
<tr><td>2.</td><td>घोर्सी खोला</td><td>५८</td><td>१००६४५२।२८</td></tr>
<tr><td>3.</td><td>पतैनी घाट खोला</td><td>११४</td><td>१४९९०६९।५९</td></tr>
<tr><td>4.</td><td>छिपछिपे खोला</td><td>५८</td><td>१०३१५२९।८७</td></tr>
<tr><td>5.</td><td>भारी खोला</td><td>५८</td><td>७८९७५३।४८</td></tr>
<tr><td colspan="3">कुल लागत अनुमान रकम</td><td>५६४७६३२।७८</td></tr>
<tr><td colspan="3">संझौता/भुक्तानी रकम</td><td>५५७६३५२।००</td></tr>
</table>
</td><td>५५७६३५२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**रुम स्वास्थ्य चौकी भवन निर्माण**- यस भवन निर्माणका लागि २०७९।०२।३१ गते सम्ममा सम्पन्न गर्नेगरी कवोल अंक रु. ९२६२६६२।१८ मा श्रमजिवि निर्माण सेवासँग २०७८।११।२३ मा संझौता भएको छ। उक्त फाइल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्- • बोलपत्र कागजात र वि.ओ.क्यूमा मु.अ.कर सहितको संझौता रकम रु. ९२६२६६२। उल्लेख भएकोमा संझौता रकममा सोही रकम मु.अ.कर वाहेक उल्लेख छ। यसबाट मु.अ.कर वापत रु. १२०८१७३। बढी भुक्तानी हुने जोखिम रहेको छ। • पालिकाले रु. १ करोड ८० लाख लागत अनुमानको भवन निर्माणका लागि २०७८।०९।२१ मा सूचना प्रकाशन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४९ अनुसार सूचनामा लागत अनुमानको रकम खुलाएको छैन।यसवाट प्रतिस्पर्धामा असर पर्न जाने देखिन्छ । **दरवाङ्ग वजारमा ढलान सडक निर्माण** - यस निर्माण कार्यको BOQ अनुसार मु.अ.कर सहित रु. १०१०६३०१।भएकोमा संझौतामा सोही रकम मु.अ.कर वाहेक उल्लेख छ। यसवाट मु.अ.कर रु. १३१३८१९। दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ।	
३५			**पेश्की बाँकी :** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा व्यक्ति, फर्म वा कम्पनीलाइ पेश्की दिने र फस्योंट गर्ने सम्वन्धमा व्यवस्था रहेको छ भने नियम ५२ (३) मा म्याद नाघेको र ननाघेको पेश्कीको छुट्टै अभिलेख राखि महालेखापरीक्षकको कार्यालयमा समेत पेश गर्नुपर्ने र सो पेश्की वाकी रकम आन्तरीक र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था छ।यस्तै सार्वजनिक खरिद नियमावली, 2064 को नियम 113 मा समेत निर्माण कार्यको लागि निर्माण व्यवसायीलाइ पेश्की दिने फस्योंट गर्ने सम्वन्धी व्यवस्था रहेको छ । पालिकाले पेश्की वाकीको तदनुसार लेखा नराखेको र आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा समेत तदनुसार पेश्की बाकीको प्रतिवेदन गरेको छैन । अन्तिम लेखापरीक्षणको क्रममा समेत तदनुसारको पेश्कीवाकीको बिवरण पेश हुन आएन । यसवाट पालिकाको निर्माण तथा अन्य पेश्की वाकीको अवस्था सुनिश्चित हुने आधार रहेन । अत पालिकाको बित्तीय बिवरण साथ संलग्न अनुसुची २३ बमोजिम निम्नानुसार बर्गीकृत पेश्की बाकी देखिएको रु ४७३३०००। को नाम नामेसी खुलाइ पेशगर्नुपर्ने र सो पेश्की उक्त नियमानुसार फछ्यौट हुनुपर्ने रु.	४७३३०००

पेश्कीको विवरण	फछ्यौटको अन्तिम म्याद	म्याद ननाघेको पेश्की	म्याद नाघेको पेश्की
निर्माण व्यवसायी	-	0	३९०८०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ग्राण्ड उपभोक्ता समिति / - / ० / ८००००० ; ब्यक्तिगत / - / ० / २५००० ; जम्मा / ० / ४७३३०००	
३६			**जग्गा खरिद** -भौ.नं. २६८/२०७९।०३।२४ बाट किसानी मा.वि. प्राविधिक शिक्षालयलाई ७२९.३० वर्ग मिटर जग्गा खरिद वापत मालिका गा.पा. ७ का साविकको जग्गा धनी कालि प्रसाद जुग्जालीलाई स्वीकृत वजेट रु. १५ लाख मध्ये १४ लाख ८२ हजार भुक्तानी गरेको छ। यसरी जग्गा खरिद गर्दा सार्वजनिक सूचना प्रकाशन नभएको, खरिद प्रकृया प्रतिस्पर्धात्मक नभएको, जग्गाको मूल्यांकन सम्वन्धी निर्णय आदी पेश नभएकोले जग्गा प्राप्ती ऐनको प्रकृया पुरा भएको सुनिश्चित हुन सकिएन । अत जग्गा प्राप्ती सम्वन्धी उक्त कागजात पेश हुनुपर्ने रु.	१४८२०००
३७			**सुरक्षित नागरिक आवास कार्यक्रम** भौ.नं. मिति १६८-२०७८।११।२ नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गतको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम गरिवीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन रहेका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायत सामाग्री खरिदको लागी यो वर्ष यस गाउँपालिकाको पहिलो किस्ता लाभग्राहीको खातामा रु.१८७५००० बैंकमा पठाएको आधारमा खर्च लेखेको छ । कार्यालयले लाभग्राहीको खातामा निकासा गरेको देखिने प्रमाण संलग्न गरेको छैन । लाभग्राहीले जस्तापाता तथा काठ खरिद गरी निर्माण कार्य गरेको देखिने प्राविधिक प्रतिवेदन सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.१८७५०००	१८७५०००
३८			**औषधी खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १(क) मा पचास लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्रको माध्यम बाट र सो भन्दा माथिको बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष औषधी खरिदमा गरेको खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्नछन:	

Nested table (continued from previous page, within row above):

ग्राण्ड उपभोक्ता समिति	-	०	८०००००
ब्यक्तिगत	-	०	२५०००
जम्मा		०	४७३३०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(क) गाउँपालिकाले शसर्त चालुबाट यो वर्ष रु.११,००,००० र गाउँपालिका पुंजीगतबाट रु. ११,२३,९०० गरी जम्मा रु.२२२३९०० को औषधी ई बिडीङ्गको माध्यमबाट खरीद गरी चिराग फार्मेशी प्रा.ली. पोखरालाई भुक्तानी गरेको छ । (ख) आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश भएको छैन । (ग) आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । (घ) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको तथा जिन्सी खाता अध्यावधिक नरहेकोले के कति औषधी हस्तान्तरण भएको तथा कति मौज्दात रहेको भन्ने एकिन गर्ने आधार रहेन ।	
३९			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**	
३९.१			**विद्यालय भवन**- गाउँपालिका समपूरक कोषबाट वडा नं. ५ मा भिम मा.वि.को दशकोठे भवन निर्माण गर्न पाअर ट्रष्ट नेपाल, पालिका र विद्यालय विच संझौता भएको र सो संझौता अनुसार परियोजनाको कुल वजेट रु. १२२०३२६६। मध्ये क्रमशः ५०%, ४०% र १०% व्यहोर्ने गरी संझौता भएको छ। यस्तै भौ.नं. १८३/२०७९।०२।३१ मा ३३४५३००। र भौ.नं. २७४ मिति २०७९।०३।२४ मा रु. ८४४६९२। गरी रु. ४१८९९९२।७५ पालिकाको अंश भूक्तानी भएको छ। हालसम्म वित्तीय प्रगति ८३.०४ प्रतिशत र भवन फिनिसिङ्ग गर्न बाँकी रहेको छ।	
३९.२			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** अर्न्तगत नेपाल सरकारको शसर्त अनुदान पूँजिगतबाट ओखरवोट मा.वि.लाई २ कोठे भवन निर्माण गर्न रु. १८०००००। र अमर ज्योति मा.वि.लाई ४ कोठे भवन निर्माण गर्न रु. ३६०००००। समेत निकासा दिई क्रमशः २०७९।०३।२२ र २०७९।०३।२५ मा वैंक खातामा रोक्का राखेको छ। उक्त भवन निर्माण कार्य हालसम्म पनि सम्पन्न नभएको हुदां शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट जारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ वमोजिमको विद्यालयको भवन निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश गर्नु पर्ने रु. ५४०००००।	५४०००००
४०			**शिक्षा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०77 को नियम ३9(5) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । **GPE** को सहयोगमा कोभिड-19 का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजिकरण कार्यक्रमका लागि शैक्षिक कार्यक्रम अन्तगर्त पालिकाका सबै 38 विद्यालयलाई रु.100000। का दरले रु.3800000। निकासा गरेकोमा तपसिल बमोजिमका विद्यालयहरुले खरिद गरेको सामानहरुको प्रयोग सम्बन्धमा अनुगमन गरेको नदेखिएकोले सोको प्रतिवेदन पेश गर्नुपर्ने रु.	७००६२३

सि.नं.	विद्यालयको नाम	विवरण	रकम	कैफियत
1.	जनप्रिय मा.वि.-6	माइक, स्पीकर-२ थान, (रु.20000+18000) स्मार्ट टि.भि(रु.62000) खरिद	100000	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको
2.	सिद्धार्थ मा.वि.	Dell i3 4gb/ltb 19" monitor (रु.65000) समेत खरिद	100000	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको
3.	शिशुकल्याण आ.वि.	फोटोकपी मेसिन (रु.40000।) र White board (रु.10000)समेत खरिद	100000	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको
4.	मालिका आ.वि.-5	जुट कार्पेट, डिस्प्ले ऱ्याक तथा प्रोटेक्टर खरिद	100000	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको
5.	शिव आ.वि.-7	HP laptop समेत खरिद	75000	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको
6.	ज्ञानविकास आ.वि.	Led Tv	19080	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको
7.	जनज्योती आ.वि.	कार्पेट कुर्सी टेवल समेत खरिद	80023	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको ।
8.	जनजागरण आ.वि.	दराज, टेवल ऱ्याक समेत खरिद	61020	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको ।
9.	सरस्वती आ.वि.	स्पिकर, कार्पेट समेत खरिद	50000	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको ।
10.	जनजागृती आ.वि.	स्पिकर खरिद	15500	जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेको ।
जम्मा			700623	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**उपभोक्ता समिति**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१.१			**योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्:	

क सं	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमका योजना	१३०	१४०००००
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	१०३	२६३०००००
३	रु ५ लाख एक देखि १० लाख सम्मका योजना	१२	७६०३०००
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	१५	३०७५४०००
५	५० लाख भन्दा माथिका योजनाहरु	१४	७००००००००
	जम्मा	२७४	१३६०५७०००

उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्य - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने रु लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । तर नमुना परीक्षण गर्दा तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नहुने कार्यमा उपभोक्ता समिती मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी उपभोक्ता समिति मार्फत भवन निर्माण कार्य गराई रु. ७५,९४,६७५।- भुक्तानी भएको छ ।	

क.सं.	योजनाको नाम	विनियोजित रकम	भुक्तानी रकम रु
1	निस्कोट मा.वि.व्यवस्थापन	228000	241348.8
2	नासके भवन व्यवस्थापन	200000	216992.93
4	जानजागृती आ.वि.व्यवस्थापन	700000	740199.43
5	देउराली आ.वि.व्यवस्थापन	128000	138141.47
7	घाडलेपानी बाल शिक्षा भवन निर्माण	500000	540433.95
9	ध्रुवज्योती आ.वि.व्यवस्थापन	600000	637858.95
10	स्वास्थ्य ईकाई जेम व्यवस्थापन	200000	220000
11	स्वास्थ्य ईकाई जेम व्यवस्थापन	200000	220000
12	दुर दर्शन मन ज्योती युवा क्लव व्यवस्थापन	100000	105768
13	गोरक्षा आ.वि.घेराबार	300000	320039.93
14	ईग्रे विद्यालय सम्म पदमार्ग स्तरोन्नती	100000	105627.43
15	खबाङ आ.वि.छाना मर्मत	250000	265059.6
16	ओखरबोट मा.वि.घेराबार	378000	399972.12
17	सिद्धार्थ मा.वि.संरक्षण	300000	318754.2
18	शिव आ.वि.घेराबार	200000	217396.44

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>19</td><td>जनप्रिय मा.वि.खेलमैदान घेराबार</td><td>228000</td><td>250427.47</td></tr>
<tr><td>21</td><td>जनप्रिय मा.वि.को कम्पाउण्ड, खोल्सा व्यवस्थापन तथा ग्राउण्ड निर्माण</td><td>2500000</td><td>2656657.37</td></tr>
<tr><td></td><td>जम्मा</td><td>7112000</td><td>7594678.09</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>पात्ले जेम सडकको अन्तिम बिल बढी भुक्तानी :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेखित वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्ने पर्ने व्यवस्था छ। पात्ले जेम सड्क मालिका वडा नं ३ Chainage 0+000 देखि 3+200km सम्मको कार्य सडक निर्माण कार्यको पहिलो रनिङ्ग बिल रु १५,३४,६१८.६ दोस्रो रनिङ्ग बिल सम्म रु.२६२३०५८। र तेस्रो अन्तिम रनिङ्ग बिल सम्म रु ३२,६५,१६३.४ भुक्तानी भएको छ । योजना सम्झौता रकम रु.३२,६०,६३९।८० रहेकोमा अन्तिम रनिङ्ग बिल रकम रु. ३२६५१६३।४ भुक्तानी भएकोले उक्त योजनाको सम्झौता रकम भन्दा रु.४,५२४ बढी बील भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।</td><td>४५२४</td></tr>
<tr><td>४१.३</td><td></td><td></td><td>प्रगति विवरण नभएको - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित १५८ योजनाहरू समेत कुल २७४ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।
हेभी इक्विपमेण्टको प्रयोग – उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनका प्रकृया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन अत : उक्त नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ । **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । पालिका अन्तर्गत संचालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन कार्यालय प्रमुखको स्विकृतिमा मेसीन प्रयोग गरि रु ६,९६,४२,५३०। भुक्तानी भएको देखिन्छ तर नियमावलीको व्यवस्था वमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।	
४१.४			**सम्झौता वमोजिम कार्य नभएको**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९७ (३) (क) मा खरिद सम्झौतामा निर्माण कार्य र सेवाको प्रकृति, परीमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नु पर्ने रकम कार्य र सेवा सम्पन्न गर्नुपर्ने अवधि खुलाई उल्लेख गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था वमोजिम यस पालिकाले यस वर्ष ५२ वटा उपभोक्ता समितिसँग विभिन्न मितिमा भएको सम्झौता लागत रकम रु. ४,५१,९०,२८८। को योजना हालसम्म पनि कार्य प्रारम्भ समेत भएको देखिएन। सो कार्य सम्झौताको कार्यान्वयन सम्वन्धमा ध्यान दिनुपर्दछ।	

क्र.सं.	योजनाको नाम	उपभोक्ता समितिको नाम	सम्झौता मिति	विनियोजित रकम	सम्झौता लागत रकम रु
१	बिगरबाङ लुर्नाक मोटरबाटो निर्माण	बिगरबाङ लुर्नाक मोटरबाटो निर्माण उ.स.	2078 I 10 I 26	500000	536170.8
२	बराहताल आमा समूह भवन निर्माण	बराहताल आमा समूह भवन निर्माण उ.स.	2078 I 10 I 25	450000	522216.36
३	निस्कोट मा.वि.व्यवस्थापन	निस्कोट मा.वि.व्यवस्थापन उ.स.	2078 I 10 I 26	228000	241348.8
४	हाप्लेक-ओखलढुंगा बस्ती संरक्षण	हाप्लेक-ओखलढुंगा बस्ती संरक्षण उ.स.	2078 I 10 I 26	200000	212626.73

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

५	पटेरनीघाट खोला झोलुङ्गे पुल निर्माण	पटेरनीघाट खोला झोलुङ्गे पुल निर्माण उ.स.	2078 I 08 I 20	5791188.7	5909375.99	
६	सराक्दी खानेपानी व्यवस्थापन	सराक्दी खानेपानी व्यवस्थापन उ.स.	2078 I 10 I 26	100000	105815.38	
७	दास खानेपानी मर्मत	दास खानेपानी मर्मत उ.स.	2078 I 10 I 11	200000	214719.75	
८	रेह बस्ती संरक्षण	रेह बस्ती संरक्षण उ.स.	2078 I 09 I 22	100000	105921.64	
९	खानेपानी मर्मत तथा पाईप खरिद तामेङ	खानेपानी मर्मत तथा पाईप खरिद तामेङ उ.स.	2078 I 10 I 03	300000	332557.58	
१०	जानजागृती आ.वि.व्यवस्थापन	जानजागृती आ.वि.व्यवस्थापन उ.स.	2078 I 10 I 03	700000	740199.43	
११	ध्रुवज्योती आ.वि.व्यवस्थापन	ध्रुवज्योती आ.वि.व्यवस्थापन उ.स.	2078 I 12 I 29	600000	637858.95	
१२	अधिभारा किटिनी पाल्ले सडक	अधिभारा किटिनी पाल्ले सडक उ.स.	2078 I 12 I 22	2000000	2132593.26	
१३	डाडाँगाउँ ग्याबिन लगाउने	डाडाँगाउँ ग्याबिन लगाउने उ.स.	2078 I 12 I 21	400000	426125.46	
१४	तल्लो खटेन खानेपानी व्यवस्थापन	तल्लो खटेन खानेपानी व्यवस्थापन उ.स.	2078 I 12 I 30	300000	321209.48	
१५	माझडाडा खानेपानी मर्मत	माझडाडा खानेपानी मर्मत उ.स.	2078 I 12 I 28	100000	105596.5	
१६	लामखोरिया खानेपानी मर्मत	लामखोरिया खानेपानी मर्मत उ.स.	2078 I 12 I 30	100000	105788.96	
१७	दिहि खानेपानी मुहान संरक्षण	दिहि खानेपानी मुहान संरक्षण उ.स.	2078 I 12 I 28	100000	107744.12	
१८	नौचटे खानेपानी निर्माण	नौचटे खानेपानी निर्माण उ.स.	2079 I 01 I 08	200000	214648.57	
१९	बोक्रे किटिनी खानेपानी मर्मत	बोक्रे किटिनी खानेपानी मर्मत उ.स.	2078 I 12 I 29	300000	319818.61	
२०	फापर खोरिया खानेपानी मर्मत	फापर खोरिया खानेपानी मर्मत उ.स.	2078 I 12 I 09	100000	105888.38	
२१	जनज्योती ईग्रे ढल निकास	जनज्योती ईग्रे ढल निकास उ.स.	15909.96	150000	15909.96	
२२	गलकोट मोटर बाटो सोलिङ	गलकोट मोटर बाटो सोलिङ	2078 I 12 I 30	250000	265787.49	
२३	सरस्वती आ.वि.घेराबार	सरस्वती आ.वि.घेराबारउ.स.	2078 I 11 I 29	200000	212440.62	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२४	विद्याज्योती आ.वि.मर्मत	विद्याज्योती आ.वि.मर्मत उ.स.	2078 l 12 l 23	100000	106136.2
२५	अमरज्योती खेलमैदान व्यवस्थापन	अमरज्योति खेलमैदान व्यवस्थापन उ.स.	2078 l 12 l 16	328000	347711.17
२६	मिजारधारा मोटर बाटो सोलिङ	मिजारधारा मोटर बाटो सोलिङ उ.स.	2078 l 12 l 30	150000	162383.59
२७	पिपिर खानेपानी मुहान मर्मत	पिपिर खानेपानी मुहान मर्मत उ.स.	2078 l 12 l 14	100000	106245.11
२८	नर्सरी महभिर चिउरीबोट छाप सडक	नर्सरी महभिर चिउरीबोट छाप सडक उ.स.	2078 l 01 l 04	2000000	2131234.8
२९	भिरखानी खानेपानी मर्मत	भिरखानी खानेपानी मर्मत उ.स.	2078 l 12 l 08	150000	158772.77
३०	महभिर दलित भवन मर्मत तथा ट्वाईलेट निर्माण	महभिर दलित भवन मर्मत तथा ट्वाईलेट निर्माण उ.स.	2078 l 11 l 15	600000	637493.18
३१	मालिका सोले पर्यटन पार्क निर्माण	मालिका सोले पर्यटन पार्क निर्माण उ.स.	2079 l 02 l 04	1063000	1123139.1
३२	छहारी युवा क्लव खेलमैदान निर्माण	छहारी युवा क्लव खेलमैदान निर्माण उ.स.	2078 l 12 l 06	150000	162832.7
३३	डिप्लीखोला खानेपानी मर्मत	डिप्लीखोला खानेपानी मर्मत उ.स.	2078 l 12 l 07	150000	158758
३४	चिउरीबोट सिस्नेरी मोटर बाटोनिर्माण	चिउरीबोट सिस्नेरी मोटर बाटो निर्माण उ.स.	2078 l 11 l 11	500000	5531704.48
३५	तसरबाङ मोटर बाटो निर्माण	तसरबाङ मोटर बाटो निर्माण उ.स.	2078 l 10 l 04	500000	539846.6
३६	गरजरा मोटर बाटो निर्माण	गरजरा मोटर बाटो निर्माण उ.स.	2079 l 01 l 23	500000	528171.57
३७	थापाचौ देविस्थान सडक	थापाचौर देविस्थान सडक उ.स.	2078 l 11 l 09	1500000	1592095.401
३८	हलटाउको ढल निकास	हलटाउको ढल निकास उ.स.	2078 l 10 l 04	243000	257623.15
३९	दलित संजाल चर्पी निर्माण	दलित संजाल चर्पी निर्माण उ.स.	2078 l 10 l 04	200000	512093.6
४०	देविस्थान स्वास्थ्यचौकी व्यवस्थापन	देविस्थान स्वास्थ्यचौकी व्यवस्थापन उ.स.	2078 l 10 l 04	600000	633799.44
४१	दरबाङ-देविस्थान सडक स्तरोन्नती	दरबाङ-देविस्थान सडक स्तरोन्नती उ.स.	2078 l 12 l 20	500000	5321543.69

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

४२	तोलाबाङ बस्ति संरक्षण	तोलाबाङ बस्ति संरक्षण उ.स.	2078।10।24	500000	1557604.05
४३	हाडेओखर सिंचाई निर्माण	हाडेओखर सिंचाई निर्माण उ.स.	2078।11।02	200000	22336.02
४४	लामेला गाजोबाङ कुना खानेपानी निर्माण	लामेला गाजोबाङ कुना खानेपानी निर्माण उ.स.	2078।10।02	150000	159350.01
४५	दुखुलेक बस्ती संरक्षण	दुखुलेक बस्ती संरक्षण उ.स.	2078।12।28	200000	212218.75
४६	योग हल मर्मत	योग हल मर्मत उ.स.	2078।12।23	100000	116448.83
४७	सामुदायिक भवन मर्मत तोलबाङ	सामुदायिक भवन मर्मत तोलबाङ उ.स.	2078।01।15	200000	213790।82
४८	जनप्रिय मा.वि.को कम्पाउण्ड, खोल्सा व्यवस्थापन तथा ग्राउण्ड निर्माण	जनप्रिय मा.वि.को कम्पाउण्ड, खोल्सा व्यवस्थापन तथा ग्राउण्ड निर्माण उ.स.	2078।12।16	2500000	2656657.37
४९	बाँझो जग्गा व्यवस्थापन एवं औजार खरिद दिच्याम	बाँझो जग्गा व्यवस्थापन एवं औजार खरिड दिच्याम उ.स.	2078।12।17	300000	330000
५०	डाडाँगाउँ खेलमैदान निर्माण	डाडाँगाउँ खेलमैदान निर्माण उ.स.	2078।10।21	500000	526219.55
५१	शिवरात्री झोलुङ्गे पुल निर्माण	शिवरात्री झोलुङ्गे पुल निर्माण उ.स.	2078।11।15	5493527.6	5605640.38
५२	शिवरात्री खोला पुल मर्मत	शिवरात्री खोला पुल मर्मत स.स.	2079।02।16	94600	99865.78
		जम्मा		32941316	45190288.11

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**विल भरपाई भन्दा बढी भुक्तानी** मिति 2079/03/24 गते पेश्की फछ्र्यौटको कारोबारमा विम स्थित श्री किसानी मा.वि को जग्गा खरिद गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्त्वमा बैठक बसी भत्ता रकम भुक्तानी भएको देखिन्छ । यसमा 6 जनाको मात्र उपस्थिति देखिन्छ तर पेश्की फछ्र्यौट हुँदा बाँकी रकममध्ये 6825 मात्र फिर्ता भएको हुँदा जम्मा पेश्को फछ्र्यौट रकम रु. 22750।— वास्तविक खर्च रु. 13650।— फिर्ता दाखिला गर्नुपर्ने रकम रु.9,100।- फिर्ता दाखिला रकम रु. 6825।— फिर्ता गर्न नपुग रकम रु. 2275 असुल हुनुपर्दछ।	२२७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**अनुगमन तथा निरिक्षण प्रतिवेदन संलग्न नगरी भुक्तानी** मिति 2079/01/16 गतेको कारोबारमा विद्यालय अनुगमन तथा निरिक्षण खर्च शीर्षकबाट रु. 99,600 अशोक रिजालको नाममा भुक्तानी भएको देखिन्छ । विद्यालय अनुगमन तथा निरिक्षण प्रतिवेदन संलग्न नगरी भुक्तानी भएकोले उक्त खर्च नियमसम्वत हुनुपर्दछ ।	९९६००
४४			**आन्तरीक लेखापरीक्षण**	
४४.१			**दोहोरो काज रकम भुक्तानीः** श्री नमनारायण ढुङ्गाना मिति 2078/12/18 गते देखि 2078/12/26 गते सम्म पोखरा DPR को काजमा गएको देखिन्छ । साथै मिति 2078/12/20 गते देखि 12/24 गते सम्म च्युरीबोट देवीस्थान, दर्बाङ काजमा भई भत्ता बुझेको देखिन्छ । यसरी दोहोरो भत्ता भुक्तानी भएको हुँदा भुक्तानी प्राप्त व्यक्तिबाट असुल गर्नुपर्ने रु.6,800 मिति २०७९-१२-२० को निर्णयानुसार **6800.00** को सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको	०
४४.२			**आन्तरीक लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कैफियत सम्वन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरुजु फस्योंट गर्नु, गराउनु पर्ने व्यवस्था छ। हालसम्म पनि तत् अनुसार आन्तरिक लेखापरीक्षण बाट औंल्याईएको वेरुजु फस्योंट नभएको व्यहोरा निम्नानुसार छ। उपरोक्त वेरुजु उपर आवश्यक कारवाही गरी फस्योंट हुनु पर्दछ। • मौजुदा सूचिमा नभएका प्रस्तावकसँग खरिदः- सार्वजनिक खरिद नियमावली,2064 को नियम 85 को उपनियम 4 मा मौजुदा सूचिमा रहेका आपूर्तिकर्ता वा सेवाप्रदायकबा खरिद गर्नुपर्ने व्यवस्थ छ । यस कारोबारमा श्री ग्लोबल ट्रेडिङ कन्सनको नामा रु. 1,24,300 भुक्तानी भएको देखिन्छ । सूचिकृत गरी खरिद गर्नुपर्दछ । • आवश्यकता पहिचान नगरी वितरणः- मिति 2078/10/16 गतेको कारोबारमा विपद् कोष शीर्षकबाट रु.90,315 को पाईप खरिद गरी व्यक्तिलाई वितरण गरेको देखिन्छ । यसरी व्यक्ति विशेषलाई सुविधा उपलब्ध गराउने कार्यलाई बन्द गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• टुक्रा-टुक्रमा खरिद गरेकोः- मिति 2078/12/11 गतेको कारोबारमा ग्लोबल ट्रेडिङ कर्न्सनको नाममा मिति 2078/11/25 गते रु. 99948.50, मिति 2078/11/27 गते रु. 99,892 र मिति 2078/11/29 गते रु. 76557.50 रकम भुक्तानी भएको देखिन्छ । यसरी 2-3 दिनको अन्तरालमा खरिद गरी खरिद प्रकृया विरुद्ध भएकोले कार्यालयलाई आवश्यक पर्ने सामाग्री एकै चरणमा खरिद गरी आर्थिक मितव्ययीता अपनाउनुपर्दछ । • जिन्सी सामग्रीको संरक्षण गरे/नगरेकोः- मिति 2079/01/11 गतेको कारोबारमा बाँझो जग्गा व्यवस्थापन शीर्षकबाट बाँझो जग्गा व्यवस्थापन तथा औजार खरिद उपभोक्ता समितिको नाममा रु. 2,97,000 भुक्तानी भएको देखिन्छ । जसमा कोदालो-25 वटा, गल-15 वटा र आरी-4 वटा खरिद गरी कार्यसम्पन्न भएको देखिएकोले कार्यसम्पन्न पछि खरिद गरिएका सामग्री कहाँ, कुन अवस्थामा छन् भन्ने स्पष्ट प्रमाण भेटिएन् । प्रमाण संलग्न गर्नुपर्दछ । • कार्यालयमा दाखिला नगरेकोः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा 28 मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्नेछ भनी व्यवस्था छ । मिति 2079/03/07 गतेको कारोबारमा फर्निचर तथा फिक्चर्स शीर्षकबाट रु. 92,000 लाङ्गाली फर्निचर उद्योगको नाममा भुक्तानी भएको देखिन्छ । कार्यालयमा खरिद गरीएका सामग्री दाखिला नगरी भुक्तानी भएकोले प्रमाण संलग्न गरी फछ्यौंट गर्नुपर्दछ । • मिति 2079/03/21 गतेको कारोबारमा सरस्वती आ.वि, लक्ष्मी आ.वि र प्रतिनर्मा आ.वि का लागि कम्प्युटर प्रिन्टर खरिद शीर्षकबाट रु. 1,79,670 भुक्तानी भएको देखिन्छ । खरिद प्रकृया अनुसार खरिद गर्नुपर्दछ । • मिति 2078/06/22 गतेको कारोबारमा सञ्चार वापतको रकम रु. 30,000 फडिन्द्र प्रसाद आचार्यको नाममा भुक्तानी भएको देखिन्छ । सञ्चार महशुल भुक्तान गर्नुपर्ने स्पष्ट कारण तथा आधार पेश गर्नुपर्ने । • मिति 2078/10/09 गतेको कारोबारमा सभा सञ्चालन खर्च शीर्षकबाट झोला खरिद गरी एम.एस ब्याग स्टोर को नाममा रु. 54,240 भुक्तानी भएको देखिन्छ । खरिद गरिएका सामग्री कहाँ कुन अवस्थामा छन् वा खर्च भएका छन् भन्ने स्पष्ट आधार नभेटिएको हुँदा खर्च भएका सामग्रीको प्रमाण संलग्न गर्नुपर्ने । • पेश्की फछ्यौंट नगरी पुनःपेश्कीः- आर्थिक कार्यविधि नियमावली,2064 को नियम 76 को उपनियम 3 मा पेश्की भुक्तानी भएको 21 दिन भित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । मिति 2078/11/25 गते श्री सोम बहादुर के.सी को नाममा रु. 50,000	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पेश्की भुक्तानी भएको देखिन्छ । सो पेश्की वापतको रकम फर्छ्यौट नगरी पुनः मिति 2079/01/21 गते पेश्की दिएको देखिन्छ।
• सस्तो दरमा पाईने/नपाईने यकिन नभएकोः- मिति 2079/02/19 गतेको कारोबारमा स्मार्ट खरी पाटी शीर्षकबाट रु. 875 को दरमा 500 वटा खरिद गरी स्मार्ट टेक नेपाल प्रा.लि को नाममा रु. 4,94,300।— भुक्तानी भएको देखिन्छ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>अनुदानको अनुगमन
सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर गाउँFपालिकाले देहायअनुसार कृषि पशु लगायतका ५ योजनामा मात्र अनुदानमा रु११५६२७७ खर्च लेखेको छ ।तर गाउँपालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई सङ्घ,प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार आएको यकीन गरी अनुदान रकमको पुर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।यसका केही उदाहरण निम्नानुसार छन् ।
<table>
<tr><th>सि न</th><th>कार्यक्रमको नाम</th><th>अनुदान प्रतिशत</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>बाखा पालन अनुदान</td><td>५०</td><td>४०००००</td></tr>
<tr><td>२</td><td>कुखुरापालन अनुदान</td><td>७५</td><td>१०००००</td></tr>
<tr><td>३</td><td>आलु बिउ खरिद</td><td>५०</td><td>१९७०००</td></tr>
<tr><td>४</td><td>सुन्तला कागति बिरुवा खरीद</td><td>७५</td><td>९५०२५</td></tr>
<tr><td>५</td><td>किवि र टिमुर बिरुवा खरिद</td><td>७५</td><td>३६४२५२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११५६२७७</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कृषकसमुहले आपूर्ति गरेका समानहरुको बिल भरपाई अनुसार भुक्तानी दिएको सामान खरीद हुनु अघि प्राविधिकद्वारा तयार गरेको स्पेशिफिकेशन कार्यालय प्रमुखबाट स्वीकृत नगराई मेशिनरी सामान खरीद भएको कारण सोको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।	

सि न	कृषकलाई दिएको अनुदान	अनुदान प्रतिशत	अनुदान खर्च रकम
१	मिनीटेलर	७५	२६२०००
२	प्लाष्टिक टनेल	७५	१४८७००
३	हाते टयाक्टर	५०	११६०००
४	कृषि टनेल	५०	१४८७००
	जम्मा		६७५४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			**वैकल्पिक उर्जा प्रविधि जडान :** भौ न ६१।०७९।३।२४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ वमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु ५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने रु ५ लाख भन्दा माथि रु २० लाख सम्म सिलवन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । गाँउपालिकाले सौर्य उर्जा प्रविधि जडान शिर्षकबाट १२ थान सोलार प्यानल र इन्भर्टर सहित सोलार उर्जा सेट खरिद गरेको भनी ए जि पावर सप्लार्यसलाई रु ७७९३०० भुक्तानी गरेको छ ।कोटेशनको आधारमा खरिद गरिएकोमा वैकल्पिक उर्जाको श्रोत गाँउपालिका र अन्तर्गतका कार्यालयहरुमा १२ थान सोलार प्यानल र इन्भर्टर जडान नगरी मौज्दात रहेको अवस्था छ ।	
४७			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गत ७ वडामा कामका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना अन्तर्गत ९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			योजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ७ योजना गरी जम्मा १६ योजना सन्चालन गरेको छ । यस बर्ष कामका लागि पारिश्रमिकमा आधारित कार्यविधि 2077 अनुसार जम्मा 7७४ जना सूचिकृत बेरोजगार मध्येबाट कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना अन्तर्गत ८२ जना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ६६ जना गरी जम्मा १४८ जना वेरोजगार व्यक्तिलाई नेपाल सरकारले तोकेको न्यूनतम दैनिक ज्याला रु.577 का दरले औषतमा ८५ दिन रोजगारमा संलग्न गराई रु ७४,९०,१२० श्रमिक ज्याला भुक्तानी गरेको छ। गाउँपालिकाले योजना छनौट गर्दा योजना दोहोरो नपर्ने गरी छनौट गर्नुपर्दछ । तर गाउँपालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकेन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।	
४८			**कृषि फरक शिर्षक** २४८।२०७९।३।२२ वाट कार्यसन्चालन निर्देशिका २०७७ बमोजिम अनुगमन, मुल्याङ्कन र भ्रमण खर्च शिर्षकवाट मात्र भ्रमण खर्च भुक्तानी गर्ने व्यवस्था छ।टिमुर तथा किवि बिरुवा खरिद शीषर्कबाट गणेश चोखालको नाममा रु.१७५००० भुक्तानी भएको देखिन्छ । खरिद प्रकृया विना नै खरिद गरिएको साथै कर्मचारीको दैनिक भ्रमणभत्ता समेत समावेश गरी विल मिलान गरेको नियम सम्मत नदेखिएको रु	१७५०००
४९			**न्यानो झोला** : मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत रहेको आमा सुरक्षा (ANC) न्यानो झोला कार्यक्रममा ७ वडाको लागि २३० थान न्यानो झोला खरीद गरी प्रत्येक वडामा १८० थान बितरण गरी ५० थान बाँकी मौज्दात रहेको छ ।यसरी खरिद गरेका न्यानो झोलाहरु मध्ये १८० थान विभिन्न स्वास्थ चौकीबाट वितरण गरेको भरपाई प्रमाण पेस भएको छ । बाँकी ५० थान न्यानो झोलाहरु स्वास्थ्य शाखाको स्टोरमा मौज्दात रहेको देखिन्छ। बाँकी रहेको परिमाणलाई पछिल्लो आर्थिक वर्षमा आम्दानी नदेखिएकोले जिम्मेवारीबाट आम्दानी जनाइ प्रभावकारी रुपमा उपयोग गर्नुपर्दछ ।	
५०			**आन्तरिक आय**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.१			**राजश्वको आयव्यव विवरणः**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को दफा ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठन छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम राजस्व लेखा अध्यावधिक अभिलेख गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयको आयव्यय हिसाव विवरण परीक्षण गर्दा पालिकाको कुल आन्तरिक आय रु.42,49,338। देखिएकोले बैंक स्टेटमेन्टबाट रु.४०,९६,९६७।०४ देखिन्छ ।स्रेस्ता भन्दा बैंक खातामा मा (Prabhu bank a/c no.0750110008400132) घटी देखिएको रु.1,52,371। सम्बन्धित जिम्मेवार कर्मचारीबाट असुल गर्नुपर्ने रु	१५२३७१
५०.२			**कर तथा शुल्क असुलीको तुलनात्मक विश्लेषण** कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरिक आम्दानी रु.४२,४९,३३८।४०- रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु.९०४,१९,०९४।१९ रहेको छ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा २१.२८ गुणा बढी रहेको छ । पालिकाले आन्तरीक आम्दानीका थप स्रोतहरू बढाउन पहल गर्नुपर्दछ ।	
५०.३			**रसिद नियन्त्रण खाता** - आम्दानी खर्च पुष्टि हुने गरी प्रमाण राख्नुपर्दछ । कार्यालयले यो वर्ष आन्तरिक आम्दानी रु. ४२,४९,३३८ गरेको विवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र ७ वटा वडा कार्यालयहरूले गत वर्षको मौजदात रसिद गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिद र बाकी रहेका रसिदहरूको रसिद नियन्त्रण खातामा अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०५, १०६, १०७, १०८ लगायत निम्नानुसारका अभिलेखहरू व्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरूबाट भएको आम्दानी यकिन गर्न सकिएन	
५०.४			**राजस्व दाखिला समयमा गरे नगरेको रकम ढिला दाखिला गर्ने** - गाउँपालिकाले नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक दाखिला गर्नु पर्दछ । स्थानीय तह अन्तर्गतका वडाहरूले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
५०.५			**दहत्तर बहत्तर ठेक्का** – स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । गण्डकी प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानीयले सङ्कलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ। • विभाज्य कोषमा गत वर्षको रु. १३२५९०१।र यस वर्षको रु. १६२११९९। गरी रु. २९४७१००। को ४०% ले हुने रु. ११७८८४०। प्रदेश सरकारको संचित कोषमा दाखिला गर्नुपर्नेमा रु. ८००४०। बढी दाखिला हुनेगरी रु. १२५८८८०। कनेक्ट आई.पि.एस. मार्फत २०७९।०५।१२ मा प्रदेश सरकारको संचित कोषमा दाखिला भएको छ। • पालिकाले उपलब्ध ६ वगर मध्ये ३ वगरको लागि २०७८।०६।१४ मा सूचना प्रकाशन गरेकोमा ४ बोलपत्र दाखिला भएको र सो मध्ये एक वोलपत्रदाताले धरौटी कम राखेकोले निजको वोलपत्र अप्रभावकारी भई ३ वोलपत्र दातासँग संझौता भएको छ। उक्त ३ वोलपत्र दाता मध्ये रामकृष्ण कन्स्ट्रक्शनको कवोल अंक ४००१९९। को ५०% ले २००१००।तत्कालै दाखिला भएको र बाँकी ५०% ले रु. २००१००। २०७९ वैशाखसम्म दाखिला गर्नुपर्नेमा २०७९।०४।०९ मा मात्र दाखिला भएको छ।संझौतामा ढिला दाखिला गरेको हर्जानाको व्यवस्था नभएकोले ६९ दिन ढिला दाखिला गरेकोमा जरीवाना असूल गरेको छैन। आय ठेक्कामा ढिला रकम दाखिला गर्नेलाई समेत जरीवाना लाग्ने व्यवस्था संझौतामा गरिनु पर्दछ।	
५१			**कर तथा शुल्क असुली**	
५२			**सामाजिक सुरक्षातर्फ बढी निकासा**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएकोमा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नाम र एउटै नागरिकता नं. रहेको एकै व्यक्तिलाई दोहोरो भुक्तानी भएको देखिएकोले सोको लगत अद्यावधिक गरी दोहोरो भत्ता वितरण भएको खण्डमा दोहोरो परेको रकम असुल गर्नुपर्ने रु.</td><td>१२०००</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>सामाजिक सुरक्षा</td><td></td></tr>
<tr><td>५३.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी निकासा गरेको छ ।</td><td></td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ अनुसार भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नुपर्नेछ वा निजको व्यक्तिगत नाममा बैङ्कमा खोलिएको सामाजिक सुरक्षा विशेष बचत खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ ।स्थानीय तहबाट निकासा प्राप्त भएपछि भत्ता वितरण गर्न तोकिएको बैङ्क/वित्तीय संस्थाले सो अनुसार खोलिएको सम्बन्धित लाभग्राहीको नाममा बचत खातामा तोकिएको रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले पहिलो चौमासिकको भत्ता वितरण गर्दा बैंक खाता नभएको लाभग्राहीहरुलाई भुक्तानी गरेको भौचर संलग्न कागजातबाट देखिएकोले सो सम्बन्धमा गाउँपालिकाबाट छानविन गरी यकिन गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>किस्ता</th><th>सामाजिक सुरक्षाकोकिसिम</th><th>व्यक्तिगत परिचयनं.</th><th>नाम (अंग्रेजीमा)</th><th>जन्म मिति</th><th>उमेर</th><th>वडा नं.</th><th>नागरिकता नं</th><th>भत्ता</th><th>Account no.</th></tr>
</table></td><td>२०१०५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>1</td><td>पहिलो</td><td>जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)</td><td>1997031400696</td><td>इन्द्रमती घर्ती</td><td>27-6-1940</td><td>80</td><td>4</td><td>246828</td><td>125</td><td>नभएको</td></tr>
<tr><td>2</td><td>चौथों</td><td>दलित बालबालिका</td><td>2008071000922</td><td>तुलसरा सुनार</td><td>27-10-1951</td><td>70</td><td>4</td><td>257375</td><td>7980</td><td>नभएको</td></tr>
<tr><td>3</td><td>चौथों</td><td>जेष्ठ नागरिक भत्ता (दलित)</td><td>2006030510379</td><td>मनमाया थापा</td><td>18-6-1949</td><td>72</td><td>7</td><td>49103226777</td><td>12000</td><td>नभएको</td></tr>
<tr><td colspan="9">जम्मा</td><td>20105</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३.३</td><td></td><td></td><td>दोहोरो नागरिकता- पालिकाले एउटै चौमासिकमा निम्नानुसार लाभग्राहीलाई दोहोरो नागरिकता नम्बर उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको छ। नागरिकता नम्बर दोहोरो उल्लेख गरी भत्ता वितरण गरेकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन। के कारणले नागरिकता नम्बर दोहोरिएको हो सो पहिचान गरी वास्तविक लाभग्राही बाहेकलाई भत्ता वितरण भएको नभएकोयकिन गरी दोहोरो भत्ता वितरण भएको खण्डमा दोहोरो परेको रकम असुल गर्नुपर्ने रु.</td><td>१७५२६८</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>बिल भरपाई नभएको
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २077 को नियम ३9(5) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निम्नानुसार विद्यालयहरुलाई निशुल्क पाठ्यपुस्तक वापत अनुदान दिएकोमा तपसिल बमोजिमको विद्यालयले पाठ्यपुस्तक खरीद गरेको बिजक टिपेक्स लगाई केरमेर गरेकोले कुन कुन पुस्तक खरिद भएको यकिन नभएकोले सो उपर छानवीन गरी नियमित गर्नुपर्ने रु.</td><td>१२२००३</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण अभिलेख
गाउँपालिकाले शिक्षकहरूको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम – १५१।२०७९।०३।२३:- संघीय शसर्त कार्यक्रम अन्तर्गत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ICT Lab निर्माणका लागिसिद्दार्थ माध्यमिक विद्यालयलाई निकासा दिई Lab संचालनका लागि विद्यालयले रु.६५००००। बराबरको कम्प्यूटर, प्रिन्टर, प्रोजेक्टर लगायतका सामाग्रीहरु खरिद गरेकोमा उक्त सामाग्रीहरु स्पेसिफिकेशन बमोजिम खरिद भए नभएको र सो उपयोग तथा संचालन सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिदैन ।</td><td></td></tr>
<tr><td>५५.३</td><td></td><td></td><td>रितपूर्बकको कर बिजक 82/2079/01/15– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले कक्षा ८ को उत्तरपुस्तिका छपाई गर्दा मु.अ.करमा दर्ता भएको फर्मबाट भ्याट बिल जारी गर्नु पर्नेमा सो नगरी पानमा दर्ता भएको फर्मसँग छपाई गरी रु.79970।लाई ४ वटा टुक्रा बिल पारी भुक्तानी दिएकोले सोको मू.अ.कर समाायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१०२४०</td></tr>
<tr><td>५५.४</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।पालिकाबाट उपलब्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>पदपुर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या २०७८</th><th>शिक्षक-विद्याथी अनुपात</th></tr>
<tr><td>१</td><td>श्री निस्कोट मा.वि.</td><td>८</td><td>८</td><td>४</td><td>२०१</td><td>१:25</td></tr>
<tr><td>२</td><td>श्री सिद्द आ. वि.</td><td>६</td><td>६</td><td>१</td><td>१९०</td><td>१:32</td></tr>
<tr><td>३</td><td>श्री शिशुकल्याण आ वि.</td><td>२</td><td>२</td><td>२</td><td>७२</td><td>१:36</td></tr>
<tr><td>४</td><td>श्री सरस्वती आ वि</td><td>१</td><td>१</td><td>१</td><td>२०</td><td>१:20</td></tr>
<tr><td>५</td><td>श्री जनजागरण आ वि</td><td>१</td><td>१</td><td>१</td><td>६३</td><td>१:63</td></tr>
<tr><td>६</td><td>श्री राष्ट्रिय मा वि</td><td>१३</td><td>१३</td><td>६</td><td>४४८</td><td>१:34</td></tr>
<tr><td>७</td><td>श्री राष्ट्रिय जनकल्याण आ वि</td><td>२</td><td>२</td><td>२</td><td>६०</td><td>१:30</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

८	श्री देउराली आ वि	५	५	३	२०८	१:42
९	श्री जनजागृति आ वि	३	३	१	७०	१:23
१०	श्री ध्रुबज्योति आ वि	२	२	२	४९	१:25
११	श्री ज्ञानविकास आ वि	०१	०१	०१	४६	१:46
१२	श्री अमरज्योति मा वि	६	६	२	२६३	१:44
१३	श्री विद्याज्योति आ वि	२	२	२	१२	१:6
१४	श्री गोरक्षा आ वि	४	४	१	१४८	१:37
१५	श्री जनज्योति आ वि	२	२	२	३६	१:18
१६	श्री सरस्वती आ वि	१	१	१	३३	१:33
१७	श्री ओखरबोट मा वि	१०	१०	८	२३८	१:24
१८	श्री पुरुषोत्तम आ वि	३	३	२	७५	१:25
१९	श्री सिद्दार्थ मा वि	६	६	३	१६८	१:28
२०	श्री खबाङ्ग आ वि	३	३	१	३६	१:12
२१	श्री शिव आ वि	३	३	१	२९	१:10
२२	श्री महभिर आ वि	३	३	०	३८	१:13
२३	श्री भिम मा वि	१२	१२	५	२४६	१:21
२४	श्री गौ बम बस्त मा वि	१०	१०	७	३११	१:31

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२५	श्री लक्ष्मी आ वि	३	३	२	३५	१:12
२६	श्री मालिका आ वि	३	३	१	४२	१:14
२७	श्री सरस्वती आ वि	३	३	२	१९	१:6
२८	श्री प्रतिनर्मा आ वि	३	३	३	७३	१:24
२९	श्री जनप्रिय मा वि	१७	१७	४	६१४	१:36
३०	श्री मालिका आ वि	६	६	३	७४	१:12
३१	श्री भगवती आ वि	७	७	३	८६	१:12
३२	श्री सती आ वि	२	२	१	६५	१:33
३३	श्री सिद्द आ वि	१	१	१	४	१:4
३४	श्री किसानी मा वि	१४	१४	३	३३२	१:24
३५	श्री जनकल्याण आ वि	२	२	२	१७	१:9
३६	श्री शिब आ वि	३	३	२	४९	१:16
३७	श्री मालिका आ वि	३	३	१	७३	१:24
३८	श्री हिमाली आ वि	०१	०१	०१	१६	१:16
	जम्मा	**१७८**	**१७८**	**८८**	**४५५९**	

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

१.१ यस पालिकामा ३८ विद्यालयहरू संचालनमा रहेकोमा १७८ शिक्षक दरबन्दीमा १७८ पदपुर्ति भएको र पदपूर्तिमध्ये ८८ शिक्षक करारमा रहेको देखियो । ति विद्यालयहरूमा।EMIS अभिलेख अनुसार कुल विद्यार्थी सख्या ४५५९ रहेको देखियो ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			१.२ शिक्षक विद्यार्थी अनुपात १:4 देखि 1:63 सम्म देखिएकोले तोकिएको मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात कायम हुनुपर्दछ । **१.३ विद्यालयहरूको लेखापरीक्षण -** गाउँपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । गाउँपालिकालेविद्यालयहरूका लागि रु.१४,२९,४५,४९९।विनियोजन गरी निकासा खर्च गरेको छ ।विद्यालयहरूको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको यकिन गर्नुपर्दछ । **१.४ छात्रवृत्ति अनुदान** (८४।२०७९।०१।१६)विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि आवासीय तथा गैरआवसीय छात्रवृत्ति एवम् सामुदायिक विद्यालयका आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि विपन्न लक्षित हुने गैर आवसिय छात्रवृत्ति वापत कक्षा १ देखि ८ सम्म अध्ययन गर्ने दलित तथा गैरदलित छात्राछात्रलाई प्रतिविद्यार्थी रु.४००।- का दरले रकम उपलव्ध गराउने व्यवस्था रहेको छ। गाउँपालिकाले यस वर्ष भौ. नं ८४।२०७९।०१।१६ बाट विभिन्न विद्यालयलाई छात्रवृत्ति रकम रु.८६७६००। निकाशा गरेकोमा उक्त छात्रवृत्ति वास्तविक लक्षित वर्गले पाए नपाएको अनुगमन गर्ने भन्ने व्यवस्था भएकोमा उक्त छात्रवृत्ति अनुदानको रकम वास्तविक लक्षित वर्गले पाए नपाएकोमा अनुगमन गरेको पाइएन। कार्यविधिको पालना गरी अनुदानको प्रभावकारी उपयोगमा ध्यान दिनुपर्ने देखिन्छ । **१.५ अभिलेख-** गाउँपालिकाले शिक्षकहरूको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरू दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।	
५६			**बढी भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा बिल, भरपाई, प्रमाण र कागजात जाँच गरी दुरुष्त भएमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ।पालिकाको महिला कानून तथा उद्घोषण ५ दिने तालिम संचालन गर्दा कूल २८९४४० खर्च भएकोमा रु. २९९००० भुक्तानी गर्दा विल भर्पाइ भन्दा बढि भुक्तानी भएको रु. ९५६० असूल हुनुपर्ने रु.	९५६०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>

पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, 2076 को अनुसूची १ मा उल्लेख भएको सुविधा पाउने व्यवस्था अनुसार गाउँपालीकाले पालिकाका पदाधिकारीहरुलाई रु. ८५९४७३०।-सुबिधा बापत भुक्तानी गरेको छ।

<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>अध्यक्ष</th><th>उपाध्यक्ष</th><th>वडाध्यक्ष</th><th>कार्यपालिका सदस्य</th><th>वडा सदस्य</th><th>स्वकीय सचिव</th><th>जम्मा</th></tr>
<tr><td>1.</td><td>टेलिफोन तथा मोवाइल रिचार्ज सुविधा</td><td>६००००</td><td>४८०००</td><td>२९४०००</td><td>२१६०००</td><td>५५२०००</td><td rowspan="6">पारिश्रमिक र पोसाक रकम रु ३५३३२०</td><td>११७००००</td></tr>
<tr><td>2.</td><td>अनुगमन</td><td>१०८०००</td><td>१२००००</td><td>५०४०००</td><td>३९६०००</td><td>८२८०००</td><td>१९५६०००</td></tr>
<tr><td>3.</td><td>समन्वय र सहजिकरण</td><td>८४०००</td><td>७२०००</td><td>२१००००</td><td>१८००००</td><td>२७६०००</td><td>८२२०००</td></tr>
<tr><td>4.</td><td>अतिथि सत्कार</td><td>१२००००</td><td>८४०००</td><td>३३६०००</td><td>२८८०००</td><td>६९००००</td><td>१५१८०००</td></tr>
<tr><td>5.</td><td>यातायात सुविधा</td><td>१४३८००</td><td>१४३८००</td><td>१२५६५०</td><td>१०७७००</td><td>४१२८५०</td><td>९३३८००</td></tr>
<tr><td>6.</td><td>पत्रपत्रिका/इन्टरनेट सुविधा</td><td>६००००</td><td>४८०००</td><td>२९४०००</td><td>२१६०००</td><td>५५२०००</td><td>११७००००</td></tr>
<tr><td>7.</td><td>चाडपर्व खर्च</td><td>२५०००</td><td>२५०००</td><td>१४००००</td><td>१०८०००</td><td>३४५०००</td><td>२८६१०</td><td>६७१६१०</td></tr>
<tr><td>8.</td><td>अन्य थप सुविधा</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६००८००</td><td>५४०८००</td><td>१९०३६५०</td><td>१५११७००</td><td>३६५५८५०</td><td>३८१९३०</td><td>८५९४७३०।</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>

बढी भत्ता भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा बिल, भरपाई, प्रमाण र कागजात जाँच गरी दुरुष्त भएमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले महिला कानून तथा उद्घोषण ५ दिने तालिम संचालन खर्चमा प्रशिक्षक शुल्क भुक्तानी गर्दा प्रतिदिन ४ सेसनका रु. १४०० का दरले ४ जना प्रशिक्षकलाई ५ दिनको

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रु. २८००० भुक्तानी हुनुपर्नेमा प्रतिदिन ४ सेसनका रु. ३२०० का दरले ५ दिनको रु. ६४०००। भुक्तानी गरेको छ। उक्त नर्म्स भन्दा बढी भुक्तानी भएको रु. ३६००० असूल हुनुपर्ने रु.</td><td>३६०००</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>भ्रमण भत्ता
भ्रमण खर्च नियमावली, 2064 को नियम ४ बमोजिम भ्रमण खर्च किफायती हुनु पर्ने र अनुसूची ६ का ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमका कर्मचारीहरुलाई कार्यालयमा उपस्थित तथा विदामा बसेको समयमा भ्रमण भत्ता उपलब्ध गराएकोले रु. २९७२५ असूल गर्नुपर्ने रु.
<table>
<tr><th>क.सं.</th><th>कर्मचारीको नाम</th><th>भ्रमण अवधि</th><th>भ्रमण खर्च रु.</th><th>कैफियत</th></tr>
<tr><td>1.</td><td>सुस्मा शेर पुन्जा</td><td>२०७८।०४।२० देखि २०७८।०४।२३</td><td>७०००</td><td>कार्यालयमा हाजिर</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७०००</td><td></td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. २२७५५ ।- सम्परीक्षण गरि रु ७००० वेरुजु कायम गरिएको ।)</td><td>७०००</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>दोहोरो भत्ता भुक्तानी
..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.१०००० ।-सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>कर्मचारी करार
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले देहायका विभिन्न सेवा तथा पदमा ६३ जना करार कर्मचारी नियुक्ति गरी वर्षभरीमा रु. १४८४८००१।०० भुक्तानी गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>सेवा</td><td>करार कर्मचारी संख्या</td><td>वार्षिक जम्मा भुक्तानी</td></tr>
<tr><td>1.</td><td>कृषि तथा पशु तर्फ</td><td>८ जना</td><td>३०५५४४०।००</td></tr>
<tr><td>2.</td><td>स्वास्थ्य तर्फ</td><td>१३ जना</td><td>३५९००८०।००</td></tr>
<tr><td>3.</td><td>सामुदायिक स्वास्थ्य इकाई तर्फ</td><td>१९ जना</td><td>१५५००६२।००</td></tr>
<tr><td>4.</td><td>गाउँपालिका तर्फ कार्यक्रम सहित</td><td>२३ जना</td><td>६६५२४१९।००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६३ जना</td><td>१४८४८००१।००</td></tr>
</table>
स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारी र अस्थायी दरबन्दी सृजना गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
</td><td></td></tr>
</table>